# रामारोशन गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.२०८०/०८१

मितिः २०८०/११/०८

च.नं.

ने.सं.११४४ सिल्लाथ्व,११ मंगलवार

**साना सिचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन सम्बन्धि सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/११/०८)

यस रामारोशन गाउँपालिका को आर्थिक वर्ष २०८०/८१ को सुदुरपश्चिम प्रदेश सरकारको स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम साना सिचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन गर्नुपर्ने भएकाले तोकिएको माफदण्ड पुगेका कृषिमा संलग्न ईच्छुक कृषक समुह/ कृषि सहकारी संस्था/ कृषि फार्म/ उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र अर्थात मिति २०८०/११/२३ गते भित्र यस रामारोशन गाउँपालिका कृषि विकास शाखा कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

प्रभुनाथ देवकोटा
निमित्त प्रमुख प्रशासकीय अधिकृत

***तपसिल कागजातः***

१. अनुसुचि २ अनुसारको प्रस्ताव फारम ।
२. संस्था/ कृषि फार्म दर्ता,पान नं. तथा नविकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
४. यसै प्रकृतिको कार्यक्रम अनुदान नलिएको स्वघोषणा (नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह र अन्य संघ संस्थाबाट) ।
५. कृषक समुह/ कृषि सहकारीको हकमा कार्यक्रम संचालन सम्बन्धि निर्णय ।
६. २०८०/०८१ मा रामारोशन गाउँपालिका कृषि विकास शाखामा सुचिकृत भएका कृषक समूह/ कृषि फर्म /कृषि सहकारीले मात्र आवेदन दिन पाउने छन ।
७. (नोटः- निर्माण हुने संरचना को न्युनतम १० रोपनि क्षेत्रफलमा सिंचाई सुबिदा हुनुपर्नेछ। अनुदानको सिमा बढिमा रु १ लाख ५० हजार सम्म र कार्यविधिमा तोकेवमोजिम लागत साझेदारीमा संचालन गरिनेछ ।)

*यस सम्बन्धी थप जानकारीका लागि फोन नं. ९८६९५११८२६,९८६५७५१७२५ र ९८४८४७२११६ मा सम्पर्क गर्न सकिनेछ।*